सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. :२०८२।०८३

च.नं. : 603

Email:sabailamun@gmail.com

मिति:- २०८२।१०।२६

श्री सम्पूर्ण वडाहरु (१-१३)

सबैला नगरपालिका, धनुषा।

**विषय:- उपभोक्ता विवरण संकलन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा सबैला नगरपालिका हरित जलवायु कोष र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा स्वच्छ चुल्हो कार्यक्रम कार्यन्वयन गर्ने सम्झौता गरेको व्यहोरा जानकारी गरइन्छ ।सो कार्यक्रम अन्तर्गत ३ प्रकारका खाना पकाउने प्रविधि (विधुतीय चुल्हो, तह ३ को फलामे सुधारिएको चुल्हो र ४ घ.मि. को बायोग्यांस) को प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ । स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन तथा उपभोक्तासम्म अनुदान सहित सुपथ मुल्यमा उल्लेखित प्रविधिहरु पुर्याउनका लागी सम्बन्धित वडाहुरुले उपभोक्ता विवरण १५ दिन भित्र संकलन गर्नुहुन र विवरण संकलन गर्दा देहाय बमोजिमका नियम पालना गर्नुहुन अनुरोध गरिन्छ ।

शर्तहरु:-

१.विधुतीय चुल्होको हकमा सम्बन्धित गपभोक्ताहरुको घरमा १५AMP को मिटर जडान भयको हुनुपर्ने ।

२.बायोग्यांस जडानको निमित १/२ वटा गाईवस्तु भएको हुनुपर्ने ।

३.उपभोक्ता विवरण संकलन गर्दा घरमुली महिला, एकल महिला, दलित, जनजाति, अपाङ्गता न्युन आय श्रोत भएकाहरुलाई पहिलो प्राथमिकता दिनु पर्ने ।

३.उपभोक्ता विवरण संकलन क्रममा एउटै घर परिवारमा दुई ओटा प्रविधि नपर्ने गरी माग संकलन गर्न अनुरोध छ।

**प्रबिधिगत लागत साझेदारी विवरण**

| क्र.सं. | प्रणाली | हरित जलवायु कोष | वैकल्पिक ऊर्जा प्रवद्धन केन्द्र | सबैला न.पा. | उपभोक्ता |
|---|---|---|---|---|---|
| १ | विधुतीय चुल्हो | १०% | ४७.९७% | १९.०९% | २२.९४% |
| २ | तह ३ को फलामे सुधारिएको चुल्हो | ४०% | ४०% | १५% | ५% |
| ३ | घरायसी बायोग्यांस. | २८.३४% | ४८% | १०% | १३.६६% |

नोट:-

१. उपभोक्ताले व्यहोर्नु पर्नि कुल रकम वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको प्रविधि अनुरुप खुल्ने ठेक्का सम्झौता अनुसार प्रतिशतमाहुने छ।

२. उपभोक्ताले भर्नुपर्ने फारम यसै साथ संलग्न गरियको छ।

..............

दिलबन्धु यादव

समाजिक परिचालक

..............

कारीराम यादव

नगर प्रमुख